नगर कार्यपालिकाको १५औं बैठक मिति २०८१/१२/२५ मा प्रस्तुत प्रस्तावहरु:

१. आधारभुत नगर अस्पताल संचालन सम्बन्धमा

२. योजना कार्यान्वयन सम्बन्धमा

३. स्थानीय अनुकुलन कार्ययोजना (LAPA) को खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धमा

४. संस्थाको शाखा दर्ता सम्बन्धमा

५. बजेट रकमान्तर तथा छुट संसोधन सम्वन्धमा

६. शिक्षा तथा खेलकुद / कला संस्कृति सम्वन्धमा

७. अनुगम समिति सदस्य परिवर्तन सम्वन्धमा

८. राहत तथा आर्थिक सहायता सम्वन्धमा

९. काज सरुवा गरेको विद्यालयमा नगएका शिक्षकहरुको तलव भत्ता सम्बन्धमा

## निर्णयहरु

१. बनगाड कुपिण्डे नगरपालिकाको आधारभुत अस्पताल संचालनको लागि आवश्यक पर्ने कार्यविधिको मस्यौदा नगरपालिकाले निर्माण गरी आगामि कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. आ.व. २०८१।८२ को लागि उपभोक्ता समितिवाट कार्यान्वयन हुने योजनाहरुको सम्झौता २०८२/०१/०७ गते भित्र सम्झौता गरिसक्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको स्थानीय अनुकुलन कार्ययोजना निर्माणका लागि अगाडि बढाइएको खरिद प्रक्रिया रद्ध गरी सो को जानकारी प्रस्तावदातालाई दिने र चालु आ.व.मा स्थानीय अनुकुलन कार्ययोजना निर्माणको कार्य समायावधिको कारण सम्पन्न गर्न नसकिने भएकोले अगाडि नबढाउने निर्णय गरियो ।

४. शहीद प्रतिष्ठान, नेपाल जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा दर्ता भई यस नगरपालिकामा शाखा दर्ताको लागि निवेदन पत्र प्राप्त भएको सन्दर्भमा यस नगरपालिकाको संघ संस्था दर्ता तथा नविकरण निर्देशिका, २०७९ मा शाखा दर्ता सम्वन्धि स्पष्ट व्यवस्था नभएकोले यस सम्बन्धमा प्रचलित कानूनी व्यवस्थाको अध्ययन गरी उक्त निर्देशिकामा संसोधन गर्नुपर्ने विषयहरुको सम्बन्धमा यस नगरपालिकाको कानुनी परामर्शदाता बाट कानुनी राय लिने निर्णय गरियो।

२०८१।१२।२५

गोविन्द पन्थी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।१२।२५

कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख

CamScanner

५. बनगाड कुपिण्डे नगरपालिकाको आ.व २०८१।८२ को वजेट विनियोजन मध्ये भ्रमण खर्च शीर्षकमा अपुग हुने रकम नगर कार्यपालिकाले २५ प्रतिशत रकम रकमान्तर गर्न सक्ने प्रावधान अनुसार तपसिलको शीर्षकबाट भ्रमण खर्च शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो । साथै नगर सभाबाट योजना संसोधन भएको तर सुत्र प्रणालीमा ईन्ट्रि छुट भएकोलाई ईन्ट्रि गर्ने निर्णय गरियो ।

**रकमान्तर हुने शीर्षकहरु**

भैपरि आउने चालु खर्च रु ५ लाख

विविध खर्च रु ६ लाख २५ हजार

पदाधिकारि सचिवालय खर्च रु २लाख २५ हजार

अनुगमन मुल्याङ्कन खर्च रु २ लाख ५०हजार

नगर राजपत्र स्थानिय कानुन छपाइ खर्च रु १ लाख २५ हजार

अन्य भत्ता रु ३ लाख ७५ हजार

**संसोधन छुट शिर्षकहरु**

| भएको | हुनुपर्ने |
|---|---|
| थाराटोलमा भलिवल फिल्ड निर्माण रु १ लाख | कुपिण्डेश्वरि प्रावि सम्म सडक निर्माण रु २ लाख थप गर्ने |
| कुपिण्डेश्वरि प्राविमा फर्निचर खरिद रु २ लाख | नवज्योति मावि फिल्ड निर्माण रु ५ लाख |
| नवज्योति मावि घेरवार तथा फर्निचर खरिद रु ४ लाख | |

६. बनगाड कुपिण्डे नगरपालिकाको नगरस्तरीय खेलकुद (मेयर कप) २०८२ बैशाख ६,७,८ गते गर्ने निर्णय गरियो । साथै खेलकुद संचालन सहभागिताका लागि कम्तिमा ५१ प्रतिशत खेलाडि सहभागिता सुनिश्चित गरि प्रति वडा रु ५० हजार सहभागि खर्च खेलकुद प्रतियोगिता सहभागि तथा संचालन खर्च शीर्षक बाट विनियोजन गर्ने निर्णय गरियो ।

२०८१।१२।२५
...कर्ण पन्थी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।१२।२५
कर्ण बहादुर बुढा...
नगर प्रमुख

७. वनगाड कुपिण्डे नगरपालिकाको नगर स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिको सदस्यमा विर वहादुर वस्याललाई हटाई कार्यपालिका सदस्य गणेश वहादुर वुढा क्षेत्रीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

८. यस नगरपालिकामा राहत तथा आर्थिक सहायता उपलब्ध गराई पाउँ भनी रितपूर्वक निवेदन पेश गरेका तपसिल वमोजिमका व्यक्तिहरुलाई तपसिल अनुसारको राहत रकम उपलब्ध गराउने निर्णय गरियो।

| नाम | क्षतिको विवरण | रकम |
|---|---|---|
| खिम वहादुर पुन मगर | द्वन्द पीडित असक्त उपचार | १०००० ।- (रु. दश हजार) |
| चन्द्रकली वुढाथोकी | आगलागी | १०००० ।- (रु. दश हजार) |

९. मिति २०८१।०४।२९ र मिति २०८१।०४।३२ गतेको नगर शिक्षा समिति र मिति २०८१।०४।३२ गतेको नगर कार्यपालिकाको शिक्षकहरुको सरुवा सम्वन्धी निर्णय अनुसार तपसिलका शिक्षकहरुले काज सरुवाको पत्र पटक पटक ताकेता गर्दा पनि अटेरी गरी पत्र नवुझी केही शिक्षकहरु प्रशासकीय अदालत काठमाण्डौमा मुद्दामा गएकोमा मिति २०८१ माघ ६ गतेको प्रशासकीय अदालतको नगरपालिकाले गरेको काज सरुवा कानूनसम्मत रहेको भनी फैसला गरेको र नगर कार्यपालिकाको मिति २०८१ फागुन २२ गतेको निर्णय अनुसार पुनः खटाएको विद्यालयमा जान ताकेता गरिएको हुँदा काज सरुवा भएको विद्यालयमा हाजिर भएमा निजहरुले पाउनुपर्ने पहिलो त्रैमासिक देखिको तलव भत्ता फुकुवा गरी नियमानुसार भूक्तानी दिने र यदि काज सरुवा भएको विद्यालयमा हाजिर नभई पदीय दायित्व र तोकिएको जिम्मेवारी पूरा नगरेमा काज सरुवा भएको विद्यालयमा हाजिर नभएसम्मको लागि तलव भत्ता भूक्तानी रोक्का गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | शिक्षकको नाम, थर | साविकका विद्यालय | काज सरुवा गरिएको विद्यायल |
|---|---|---|---|
| १ | विर वहादुर शाही | श्री नेपाल राष्ट्रिय प्रा.वि. पोखरा | श्री सिद्धेश्वरी मा.वि. माझखर्क |
| २ | डम्मर बहादुर वोहरा | श्री सरस्वती प्रा.वि. फुर्केसल्ली | श्री अमर प्रा.वि. काफलपानी |
| ३ | शिवजंग शाह | श्री भेरी आ.वि. गरामा | श्री सरस्वती प्रा.वि. चौर |
| ४ | ज्योतिलाल वुढा | श्री भानुभक्त प्रा.वि. खनियाखर्क | श्री भगवती आ.वि. माझकाँडा |
| ५ | टोप वहादुर वि.क. | श्री भानुभक्त प्रा.वि. खनियाखर्क | श्री भगवती आ.वि. माझकाँडा |
| ६ | पवित्रा शर्मा | श्री श्री सरस्वती प्रा.वि. चौर | श्री सिद्धेश्वरी मा.वि. माझखर्क |

२०८१।१२।२४

प्रमुख प्रशासकीय अधिकृत

२०८१।१२।२४

कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख